# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) धनगढी, नेपाल, असोज ३ गते, २०७८ साल (अतिरिक्ताङ्क ४(ख)


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

<u>बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन)</u>

<u>(पहिलो संशोधन) आदेश, २०७८</u>

बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस आदेशको नाम "बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ को दफा १३ मा संशोधन</u>: बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७ (यसपछि "मूल आदेश" भनिएको) को दफा १३ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) समितिको खाता कार्यकारी अधिकृत र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।"

३. <u>मूल आदेशको दफा २१ मा संशोधन</u>: मूल आदेशको दफा २१ को उपदफा (३) मा रहेका "तथा योजना" भन्ने शब्दहरू झिकिएका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७८।०६।०३

आज्ञाले,
यज्ञनाथ दाहाल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-